कृपा
CREHPA

**FOR IMMEDIATE RELEASE: September 20, 2021**
**CREHPA Media Contact:** Kusum Wagle
**Phone:** 977-1-5193087
**E-mail:** kusum@crehpa.org.np

**अमेरिकी सरकारले कहिले लागु गर्ने र कहिले हटाउने गरेको Protecting Life in Global Health Assistance (PLGHA) नामक नीतिले नेपालको यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी सेवाको उपलब्धता तथा गुणस्तरमा असर पार्नुको साथै नेपालले महिलाको स्वास्थ्यमा गरिरहेको प्रगतिलाई कायम राख्न बाधा पुऱ्याएको देखिएको छ । वातावरण, स्वास्थ्य र जनसंख्या कार्यक्रम अनुसन्धान केन्द्र (कृपा) र International Women's Health Coalition (IWHC) ले प्रकाशित गरेको नयाँ प्रतिवेदन अनुसार यौन तथा प्रजनन् स्वास्थ्य तथा अधिकार सेवामा पारेको प्रभावलाई कम गर्न र यस नीतिलाई स्थायी रुपमा अन्त्य गर्नको लागि भईरहेको विश्वव्यापी प्रयासलाई समर्थन तथा सहयोग गर्न अत्यन्त आवश्यक देखिएको छ ।**

**पोलिसी ब्रिफ डाउनलोड गर्नुहोस् ।**

नेपालीहरुको स्वास्थ्य सुदृढ बनाउन यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी सेवाको गुणस्तर र पहुँच बढाउन आवश्यक छ तर कृपा र IWHC ले प्रकाशित गरेको नयाँ प्रतिवेदन अनुसार अमेरिकी सरकारको एक स्वास्थ्य सहयोग सम्बन्धी वैदेशिक नीति जसलाई PLGHA वा विस्तारित ग्लोबल ग्याग रुल पनि भनिन्छ, यसले महिलाको स्वास्थ्य र यस क्षेत्रमा काम गर्ने संघ संस्थाहरुलाई नकारात्मक असर पारेको छ ।

कृपाका सह-निर्देशक तथा यस अध्ययनका प्रमुख, डा. महेश पुरी भन्नुहुन्छ - “PLGHA नीतिले अमेरिकी सरकारले गैर सरकारी संस्थाहरुलाई स्वास्थ्य कार्यक्रमको लागि दिंदै आएको अनुदानको कटौती भएको, अमेरिकी सरकारको अनुदानमा सञ्चालित केही स्वास्थ्य कार्यक्रमहरु बन्द भएको र नागरिक समाजको साझेदारी र सहकार्यमा असर पुऱ्याएको छ, जसले गर्दा नेपालमा यौन तथा प्रजनन् स्वास्थ्य र अधिकारको क्षेत्रमा गरिरहेको प्रगतिलाई कायम राख्न बाधा पुऱ्याउनुका साथै महिलाको स्वास्थ्यमा गरेको प्रगतिलाई पछाडि धकल्ने सम्भावना देखिएको छ ।” डा. पुरीका अनुसार यस नीतिको खारेजी जनवरी २०२१ मा भएपछि यसको प्रभावहरु देखा पर्न केही समय लागेतापनि यसले महिलाको यौन तथा प्रजनन् स्वास्थ्य र अधिकारमा सकारात्मक प्रभाव पार्ने देखिन्छ ।

यो भन्दा अघिल्लो अमेरिकी सरकारले सन् २०१७ मा ग्लोबल ग्याग रुल पुनर्स्थापना र विस्तार गरेपछि अमेरिकाको विश्व स्वास्थ्य सम्बन्धी आर्थिक अनुदान प्राप्त गर्दै आएका नेपाली गैर सरकारी संस्थाहरूले अनुदान प्राप्त गरिराख्ने शर्तको रूपमा गर्भपतनको सेवा, परामर्श, प्रेषण र वकालत गर्न उनीहरुको आफ्नै स्रोत वा अन्य कुनै स्रोत प्रयोग गरेर पनि गर्न नपाउने भन्ने शर्त राखिएको थियो । उक्त नीतिले अमेरिकी सरकारको सबै विश्व स्वास्थ्य सम्बन्धी आर्थिक अनुदान लिने संस्थाहरुमा लागु भएको थियो, जसमा एच.आई.भी. एड्स, क्षयरोग, औलो, सरुवा रोगहरू, ध्यान नपुगेका उष्ण प्रदेशिय रोगहरु र पानी तथा सरसफाईमा लक्षित कार्यक्रमहरु पनि पर्दथ्यो । तर सन् २०२१ जनवरीमा नयाँ अमेरिकी राष्ट्रपतिले यस नीति खारेज गर्नु भएको छ, जुन स्वागत योग्य कुरा हो ।

यस अध्ययनमा २१ जना सरोकारवालाहरूसँग अन्तरवार्ता लिईएको थियो । अध्ययनले देखाए अनुसार PLGHA नीतिको कार्यान्वयन पश्चात लगातार रुपमा यौन तथा प्रजनन् स्वास्थ्य सेवाको उपलब्धताको साथै यसको पहूँच विस्तार गर्नमा बाधा पुगेको छ। यसले मुख्य रूपमा सिमान्तकृत र सेवाको पहूँच बाहिरका जनसंख्यालाई असर गरेको छ । यस भन्दा अधिको अमेरिकी सरकारको अनुदान कटौतीले महिलाको यौन तथा प्रजनन् स्वास्थ्य र अधिकारको क्षेत्रमा कार्यरत गैर सरकारी संघसंस्थाहरुको कार्यक्रमको दिगोपन तथा उनीहरुले दिने सेवामा प्रभाव पारेको छ। जसले गर्दा गुणस्तरीय सेवा उपलब्ध गराउनका साथसाथै परिवार नियोजन तथा सुरक्षित गर्भपतन सेवा विस्तार गर्न पनि चुनौतिपूर्ण भएको पाईएको छ । फलस्वरुपः ती सेवाको प्रयोगमा कमी आएको अवस्था छ। जस्तै नेपाल सरकारको एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको तथ्याङ्क अनुसार सन् २०१६/२०१७ देखि परिवार नियोजनको आधुनिक साधन प्रयोग गर्ने महिलाहरुको संख्या र सुरक्षित गर्भपतन सेवा लिएका महिलाहरुको संख्या घट्दो क्रममा रहेको देखिएको छ र असुरक्षित गर्भपतनले गर्दा महिलाले ज्यान गुमाउनु परेको छ ।

यस नीतिको कारणले वर्षौंदेखि परिवार नियोजन र सुरक्षित गर्भपतन सेवाको विस्तारमा काम गर्दै आएका दुई संस्थाहरुले यस नीतिमा हस्ताक्षर गर्न अस्वीकार गरेका कारण अमेरिकी अनुदान प्राप्त परिवार नियोजन सम्बन्धी कार्यक्रम पूर्व निर्धारित समय अगावै समाप्त गर्न बाध्य भएका थिए । समय अगावै सो कार्यक्रम रोकिंदा परिवार नियोजनको सेवा, सेवाको माग बढाउने कार्य तथा सरकारी स्वास्थ्य संस्थालाई तालिम र उपकरण प्रदान गर्ने क्रियाकलापहरु रोकिएको थियो र परिवार नियोजनको सेवा विस्तार गर्न सरकारलाई आवश्यक सहयोगमा कमी आएको थियो । अमेरिकी सरकारको अनुदान प्राप्त गरेका विभिन्न जिल्लाहरुमा अवस्थित गैर सरकारी संस्थाहरुलाई यो नीतिका कारणले गर्दा सुरक्षित गर्भपतन कार्यक्रम कार्यान्वयन गर्न योग्य भए तापनि गर्न नपाएको गुनासो रहेको छ । सुरक्षित गर्भपतनलाई नेपालको संविधानले कानुनी मान्यता दिए तापनि यस नीति लागु भएका अमेरिकी सरकारको अनुदान प्राप्त गरेका संस्थाहरुले यस क्षेत्रमा सहयोग गर्न नसक्दा नैतिक द्विविधा भएको पाईएको छ ।

धेरै चुनौतीहरूका बावजुद नेपालले हालका वर्षहरुमा महिलाको स्वास्थ्य क्षेत्रमा विशेषगरी मातृ र नवजात शिशु स्वास्थ्य साथै सुरक्षित गर्भपतन सेवामा उल्लेखनीय सुधार गरेको छ । तर पनि लैङ्गिक, क्षेत्रीय र सामाजिक समुहहरूमा त्यस्ता स्वास्थ्य असमानता रहिरहेका छन् । यसका अतिरिक्त नेपालमा गैर कानुनी गर्भपतन अझै चिन्ताको विषय रहेको छ। नेपालमा सन् २०१४ मा गरिएको अनुमानित ३,२३,००० गर्भपतन मध्ये ५८ प्रतिशत गैर कानुनी थिए । स्वास्थ्य क्षेत्रमा सहयोग प्रदान गर्नेहरू मध्येको ठूलो सहयोग दाता अमेरिकी सहयोग नियोग (USAID) ले न्यायोचित र व्यवस्थित स्वास्थ्य प्रणालीको माध्यमबाट नेपालीहरूको जीवनयापन र गुणस्तरीय जीवनको सुधार गर्न नेपाल सरकार र अन्य सरोकारवाला निकायलाई सहयोग पुऱ्याउनु पर्नेमा नेपालको कानुनसँग बाझिने नीतिको कारण आफ्ना प्राथमिकताहरूलाई नै कायम राख्न बाधा पुगेको यस अध्ययनले देखाएको छ ।

सन् २०२१ को जनवरीमा यस नीतिको खारेजी पश्चात, यौन तथा प्रजनन् स्वास्थ्य र अधिकार क्षेत्रमा काम गर्ने संस्थाहरुलाई यसले थप उर्जा मिलेको छ र यसले महिलाको स्वास्थ्य क्षेत्रमा सकारात्मक प्रभाव पार्ने देखिन्छ । यस नीतिको असर कम गर्न यसबाट सृजना भएको आर्थिक अनुदान र सेवाको उपलब्धता र पहूँचको अन्तर पूरा गर्ने जिम्मेवारी सरकार, अन्य अन्तरराष्ट्रिय दात्तृ निकाय र नीजि क्षेत्रहरूको सहकार्य र समन्वयमा हुनुपर्छ । सरकार र सांसदहरूले राष्ट्रिय कार्यक्रमहरूलाई प्रभाव पार्ने विदेशी नीतिहरूबारे उच्चस्तरका सरकारी अधिकारीहरूसंग र संसदमा छलफल गर्नुपर्छ र यस नीतिले पारेको अल्पकालिन र दीर्घकालिन प्रभावहरू कम गर्नुका साथै यसलाई स्थायी रुपमा अन्त्य गर्न जोड दिनु पर्दछ ।

**थप जानकारीका लागि Policy Brief: Impacts of Protecting Life in Global Health Assistance Policy in Nepal हेर्न सक्नु हुनेछ ।**